# २७ औं भूकम्प सुरक्षा दिवस २०८१

भूगोल पार्क, काठमाडौं

२७ औं भूकम्प सुरक्षा दिवसका सन्दर्भमा आयोजित स्मृति सभाको अध्यक्षता गरिरहनुभएका काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन समितिका संयोजकज्यू

प्रमुख अतिथि एवं माननीय गृहमन्त्रीज्यू,

काठमाडौं महानगरपालिकाका प्रमुखज्यू

नेपाल सरकारका सचिवज्यूहरु

सुरक्षा निकायका प्रमुखज्यूहरु

विभिन्न विषयगत निकायका प्रमुखज्यूहरु

काठमाडौं महानगरपालिका कार्यपालिका सदस्यज्यूहरु तथा नगर सभा सदस्यज्यूहरु

काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू तथा राष्ट्रसेवक कर्मचारीहरु

विपद पूर्वतयारी तथा विपदका अवस्थामा समन्वय तथा सहकार्य गर्ने सामाजिक संघ संस्थाका प्रतिनिधिहरुज्यूहरु

यस कार्यक्रममा उपस्थित स्काउटका स्वयंसेवक, विपतको पूर्वतयारीमा संलग्न कर्मचारी तथा स्वयंसेवकहरु तथा उपस्थित पत्रकारज्यूहरु ।

आज हामी २७ औं भूकम्प सुरक्षा दिवस मनाउनका लागि यहाँ उपस्थित भएका छौं । यस घडीमा म २०८० सालमा मध्य पश्चिमका रुकुम पश्चिम र जाजरकोट केन्द्रविन्दु भएका भूकम्प, २०७२ सालको गोरखा बारपाक केन्द्रविन्दु भएको भूकम्प, २०४५ सालमा पूर्वी नेपाल केन्द्रविन्दु भएको भूकम्प, १९९० सालको महाभूकम्पसहित विभिन्न कालखण्डमा भूकम्पबाट ज्यान गुमाउनेहरुको स्मृति गर्दै उहाँहरुको आत्माको चीर शान्तिको कामना गर्दछु । यस्तै उहाँहरुको मृत्युको कारण मानव निर्मित भौतिक संरचना रहेको स्मरण गर्न चाहन्छु ।

विगतका बिनाशकारी भूकम्पले सिकाएको पाठबाट सुरक्षित बस्ती निर्माणमा पुस्तालाई सहभागी गराउने उद्देश्य राखेर २०५५ सालदेखि हरेक बर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउन थालिएको हो । भूकम्पलाई विज्ञानसँग जोडेर २०५७ सालसम्म विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यक्रम आयोजना गरेको थियो । २०५८ सालदेखि गृहमन्त्रीको संयोजकत्वमा मूल समारोह समिति समिति गठन गरी मनाउन थालिएको कार्यक्रमलाई आज हामी २७ औं दिवसका रुपमा सम्झना गरिरहेका छौं ।

यो वर्षको भूकम्प सुरक्षा दिवसको नारा **'भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ'** भन्ने रहेको छ । यो नारालाई महसुस गर्न आग्रह गर्न गर्दै म हरेक वर्ष तय गरिने नाराले हामीलाई सुरक्षित बसोबासका लागि कति सवल बनायो त, मूल्याङ्कन गर्न पनि आग्रह गर्दछु ।

विभिन्न प्रतिवेदनका अनुसार नेपाल भूकम्पीय जोखिमका दृष्टिले विश्वको जोखिमयुक्त क्षेत्रका रुपमा रहेको छ । त्यसमा पनि सघन वस्ती एवं अव्यवस्थित संरचना निर्माणले काठमाडौं उपत्यका अझ वढी संवेदनशिल क्षेत्रका रुपमा रहेको छ । भूकम्प आउने समयको पूर्वानुमान गर्न नसकिने भएकाले हामीले यस किसिमका प्राकृतिक प्रकोपहरुबाट सम्भावित क्षति न्यूनीकरण गर्न सचेत हुनु आवश्यक छ । यसका लागि पर्याप्त पूर्वतयारी गर्न आवश्यक छ ।

भूकम्पले सिमारहित समस्या सिर्जना गर्ने कुरा भर्खर तिब्बतमा गएको भूकम्पले नेपालमा पारेको असरबाट पनि स्पष्ट हुन्छ । यस्ता सानाठुला भूकम्पले हामीलाई पूर्वतयारी रहन सचेत गराईरहेका छन् । प्रश्न यत्ति हो, हामीलाई दिएको चेतावनीलाई हामीले कति गम्भीरताका साथ लिएका छौँ ।

हाम्रो मुलुक बाढी, पहिरो, महामारी, आगलागी, भूकम्प लगायत कयैन प्राकृतिक प्रकोपबाट बारम्बार प्रभावित हुने गरेको छ । यस्ता जोखिम न्यूनीकरण तथा पूर्वतयारीका लागि संघ, प्रदेश र स्थानीय तहको उतिनै जिम्मेवारी हुने भएकाले तीनै तहका सरकारहरुले आपसी समन्वयमा विपद व्यवस्थापनका क्षेत्रमा आवश्यक योजना बनाउने र त्यसलाई कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

काठमाडौँ महानगरपालिले महानगरक्षेत्रभित्र प्रकोप न्यूनीकरणका लागि महानगरपालिका अन्तर्गत ३२ वडा क्षेत्रभित्र वडास्तरको विपद व्यवस्थापन समिति सक्रिय वनाएको छ । तत्काल खोज तथा उद्धार कार्यका लागि आवश्यक सामाग्री व्यवस्थापनका लागि Local Emergency Operation Centre सञ्चालनमा रहेको छ ।

महानगरपालिकाका तीन क्षेत्रहरु न्यूरोड, बौद्ध र बालाजुमा बारुणयन्त्र सहितको आगलागी नियन्त्रण शाखा रहेका छन् । सहरका विभिन्न ठाउँहरुमा अग्नि नियन्त्रणका सामाग्रीहरु व्यवस्था गरिएका छन् । दमकल जान नसक्ने ठाउँहरुमा ड्राइराइजर पाइप जडान गरेर आगो नियन्त्रण गर्ने पानी प्रणाली स्थापना भइरहेको छ । तत्काल खोज तथा राहतका लागि तालिम प्राप्त दक्ष जनशक्ति तयारी अवस्थामा राखिएको छ । स्कुल तथा कलेजका विद्यार्थीहरुलाई प्रकोप व्यवस्थापन तथा जोखिम न्यूनीकरणका सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा छन् ।

काठमाडौँ महानगरपालिकाले देशका विभिन्न ठाउँमा भएका भूकम्प, बाढी पहिरो, आपतमा सहयोग गर्न विपद् व्यवस्थापन कोष मार्फतसहयोग प्रदान गरिरहेको छ ।

महानगरलाई विपद् उत्थानशील सहरका रुपमा रुपान्तरण गर्न, विपद् पूर्वतयारी, जोखिम न्यूनीकरण, प्रतिकार्य एवम् पुनर्लाभका लागि आवश्यक संख्यामा विशेष पहिचानयुक्त तालिम प्राप्त प्रतिकार्य स्वंयमसेवक समूह परिचालन गर्न सकिने कार्यक्रम तर्जुमा गरिएको छ । सामुदायिक आपतकालीन सञ्चालन केन्द्र सञ्चालनमा ल्याउने, विश्वविद्यालयहरु, सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा स्थानीय विपद् अध्ययन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउनेलगायतका महानगरपालिकाका योजना छन् । महानगरको नीतिलाई कार्यान्वयन गर्न हामी सबै तह र तप्कासँग आवश्यक समन्वय र सहकार्य गर्न तयार छौँ ।

अन्त्यमा, भूकम्पले भन्दा पनि हाम्रा कमजोर संरचनाका कारण हामीले क्षति व्यहोरिरहेका छौँ । त्यसैले हामीले बनाउने संरचना भूकम्प प्रतिरोधी हुनुपर्दछ । सम्भावित विपद्का सन्दर्भमा पर्याप्त तयारी गर्नुपर्दछ, स्पष्ट विपद् प्रतिकार्य योजना बनाउनु पर्दछ । समन्वय र सहकार्य, विपद्का अवस्थामा अझ बढी महत्वपूर्ण हुन्छन् । यी पाठहरु हामीले भोगेका विभिन्न विपदहरुले सिकाएका छन् । हामीले भोगेका र सिकेको यी सिकाइ, अनुभव र पाठलाई अभ्यासमा रुपान्तरण गरौँ । भूकम्पलगायतका प्रकोपहरुबाट हुन सक्ने जोखिम न्यूनीकरणमा सबै एकै ठाउँमा बसेर काम गरौँ ।

धन्यवाद ।

....................................

**सुनिता डंगोल**
**उपप्रमुख**

मिति २०८१ माघ २ गते बुधवार
नेपाल सम्वत ११४५, पोहेलागा दुतिया